# गोलबजार नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

गोलबजार, सिरहा
प्रदेश नं. २ नेपाल

**सेनेटरी प्याड खरिद सम्वन्धी शिलबन्दी दरभाउपत्र आव्हानको सूचना**

**सूचना प्रकाशित मिति:२०७७/११/०४**

**सूचना नं. २३/२०७७/७८**

यस गोलबजार नगरपालिका अन्तर्गतका विद्यालयहरुमा अध्ययनरत छात्राहरुका लागि आवश्यक सेनेटरी प्याड खरिद गर्न सो सम्वन्धी कार्य गर्न मान्यता प्राप्त फर्म/कम्पनीहरुबाट निम्न शर्तहरुको अधिनमा रही रितपुर्वकको दरभाउपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

शर्तहरुः

१. दरभाउपत्र सम्वन्धी कागजात यो सूचना प्रकाशित भएको मितिले १५ औं दिन कार्यालय समय सम्म तोकिएको राजश्व रकम (पछी फिर्ता नहुने गरी ) बुझाई चालु आ.व. को नविकरण गरिएको व्यवसायी दर्ता इजाजतपत्र, स्थायी लेखा प्रमाणपत्र तथा आ.व. २०७६/७७ को करचुक्ता प्रमाणपत्रको नोटरीद्वारा प्रमाणित प्रतिलिपि, प्रतिनिधिको हस्ताक्षर सहितको आधिकारिक पत्र र निवेदन संलग्न राखी यस कार्यालयको राजश्व शाखाबाट खरिद गर्न सकिनेछ।

२. खरिद गरिएका दरभाउपत्र फारम यो सूचना प्रकाशित भएको मितिले १६ औं दिन १२:०० बजे भित्र यस कार्यालयमा पेश गर्नुपर्नेछ।

३. दरभाउपत्र फारम खरिद तथा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा विदा सकिएको भोलिपल्ट निर्धारित समय भित्र खरिद तथा दाखिला गर्नुपर्नेछ।

४. दर्ता भएका दरभाउपत्रहरु सोही दिन दिनको २:०० बजे दरभाउपत्र दाता वा निजको प्रतिनिधि र कार्यालयका प्रतिनिधिहरुको रोहबरमा खोलिनेछ। निर्धारित समयमा फर्म/कम्पनीको प्रतिनिधी उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पुग्नेछैन।

५. दरभाउपत्र साथ चालु आ.व. को नविकरण गरिएको व्यवसायी दर्ता इजाजतपत्र, स्थायी लेखा प्रमाणपत्र तथा आ.व. २०७६/७७ को करचुक्ता प्रमाणपत्रको नोटरीद्वारा प्रमाणित प्रतिलिपि र कालो सूचीमा नपरेको स्वयं घोषणापत्र पेश गर्नुपर्नेछ।

६. तपसिलमा उल्लेखित धरौटी वापतको रकम यस कार्यालयको नाममा रहेको श्री राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, सिरहाको धरौटी खाता नं २१३०१००३०३००००२ मा नगद जम्मा गरेको सक्कलै भौचर वा यस कार्यालयको नाममा मान्यता प्राप्त वाणिज्य बैंकले जारी गरेको ग्यारेन्टी (विड वण्ड) संलग्न हुनु पर्नेछ। प्रस्तावकको बैंक ग्यारेन्टी (विड वण्ड) validity दरभाउपत्र पेश गर्ने अन्तिम मितिबाट कम्तीमा १२० दिनको हुनु पर्नेछ।

७. कबोल अंकको दररेट अंक र अक्षरमा स्पष्ट उल्लेख भएको हुनुपर्नेछ। केरमेट भएमा केरमेट भएको स्थानमा सहिछाप गर्नु पर्नेछ। दररेट रकम अंक र अक्षरमा फरक पर्न आएमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ।

८. आपूर्ति हुने सेनेटरी प्याडको प्रत्येक प्याकिङमा प्याकिङको बाहिर उत्पादन मिति, Expiry Date, ब्याच नं र निशुल्क वितरणको लागि भनी उल्लेख भएको हुनुपर्नेछ। सेनेटरी प्याडको Expiry date यस कार्यालयमा दाखिला हुने समयमा कम्तिमा १८ महिना बाँकी रहेको हुनुपर्नेछ। तर कुनै सेनेटरी प्याडको Expiry date १८ महिना भन्दा कम हुने भएमा Expiry date को ७५ प्रतिशत म्याद बाँकी रहेको हुनुपर्नेछ।

९. आपूर्ति गरिने सेनेटरी प्याडको गुणस्तर **सेनेटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि २०७६** को अनुसूचि १ अनुसार हुनुपर्नेछ। दरभाउपत्र साथै LAB Report समेत पेश गर्नुपर्नेछ।

१०. सेनेटरी प्याडको नमुना वेग्लै खाम बन्दी गरेर दरभाउपत्र फारम साथ पेश गर्नुपर्नेछ।

११. एक फर्मको नाममा खरिद गरिएको दरभाउपत्र फाराम अर्को फर्मको नामबाट दाखिला गर्न पाईने छैन।

१२. दरभाउपत्र पूर्ण वा आंशिकरुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित हुनेछ।

१३. अन्य कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ वमोजिम हुनेछ। अन्य कुराहरु दरभाउपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ।

१४. थप जानकारीको लागि यस कार्यालयमा सम्पर्क गर्न सकिनेछ साथै यो सूचना गोलबजार नगरपालिकाको वेभसाइट www.golbazarmun.gov.np बाट समेत डाउनलोड गरी हेर्न सकिनेछ।

| क्र.सं. | दरभाउपत्र नं. | विवरण | ल.ई(मु.अ.कर सहित) | बोलपत्र फारम दस्तुर | कैफियत |
|---|---|---|---|---|---|
| १ | २३/२०७७/७८ | सेनेटरी प्याड खरिद | १९११६८८।-(उन्नाइस लाख एघार हजार छ सय अठासी रुपैयाँ) | १०००।- | |

प्रमुख प्रशासकीय अधिकृत